प्र.५६
३५

(२)

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

**मु.नं. १४९/२०७०/०७१**

रौतहट जिल्ला वरियापूर गाउँ विकास समिति वार्ड नं. ३ विरनगरा वस्ने संजेश प्रसाद यादव .....१ निवेदक

**विरूद्ध**

प्रधानाध्यापक, श्री माध्यमिक विद्यालय विरनगरा वरियापुर ३, रौतहट ..................................१ विपक्षी
सूचना अधिकारी, श्री माध्यमिक विद्यालय . विरनगरा वरियापुर ३, रौतहट ............................१

विषय :- सूचना उपलब्ध नगराउने व्यक्ति उपर कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

रौतहट जिल्ला वरियापूर गाउँ विकास समिति वार्ड नं. ३ विरनगरा वस्ने संजेश प्रसाद यादवले श्री माध्यमिक विद्यालय विरनगरा वरियापुर ३, रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले सूचना उपलब्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७२।०२।३२ मा पुनः निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलमा उल्लेखित सूचनाहरू निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी श्री माध्यमिक विद्यालय विरनगरा वरियापुर ३, रौतहटका प्रधानाध्यापक र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. विद्यालयले आ.व. २०६९।०७० मा नियुक्ति गरेको शिक्षक तथा अन्य कर्मचारीको नियुक्ति विवरणहरू र नियुक्ति पत्रहरूको प्रतिलिपि ।
२. नियुक्तिमा कुन विधि (प्रतिस्पर्धात्मक वा अन्य) को अवलम्वलन गरिएको थियो ? सो को प्रमाणि जानकारी ।

३. नियुक्तिका लागि आवेदन कुन पत्रिका मार्फत कुन मितिमा आह्वान गरिएको थियो ? सो विज्ञापन प्रमाणित प्रतिलिपि ।
४. विद्यालय भवन निर्माणका लागि जुटाएको आर्थिक श्रोत एवं सो को खर्चको प्रमाणित विवरण ।
५. विद्यालयले आ.व. २०६९।०७० मा उपलब्ध गराएको छात्रवृत्तिको पूर्ण विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल श्रावण १८ गते रोज २ शुभम् ।